"खुसी र सम्बृद्धि अबको रुन्टीगढी"

गाउँपालिका उपाध्यक्ष श्री सरिता के.सी
गाउँसभाको बैठकमा पेश गर्नु भएको

# आ.व. २०८२/०८३ को

# बजेट बक्तव्य

रुन्टीगढी गाउँपालिका
होलेरी रोल्पा
२०८२ साल असार ६ गते

**आदरणीय गाउँसभाका सभाअध्यक्षज्यू एवं सभासदस्य ज्युहरु,**

ऐतिहासिक जनआन्दोलन मार्फत बनेको नेपालको संविधान, २०७२ अनुसार स्थापित स्थानीय तहको मिति २०७९ साल बैशाख ३० गते सम्पन्न निर्वाचनबाट यस गाउँपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित भई चौथो बजेट बनाउने जमर्को गरेका छौ। यस अबधिमा चालु आ.व.को अनुभव समेतलाई ध्यानमा राख्दै रुन्टीगढी गाउँपालिकामा जनताको चाहाना, आवश्यकता  र स्रोत साधनको उपलब्धता समेतलाई मनन गरेर योजना तथा कार्यक्रमहरु तर्जुमा गरिरहेका छौं। काम गर्ने क्रममा जनताहरुका सल्लाह सुझावहरुलाई शिरोपर गर्ने प्रतिज्ञा गर्दै यहाँहरुबाट अभिव्यक्त आवश्यकता पुरा गर्ने वाचाका साथ आज मैले चौथो पटक अठारौ गाउँसभा समक्ष बजेट प्रस्तुत गर्न अनुमती माग्दछु।

नेपालमा प्रजातन्त्र, लोकतन्त्र, र गणतन्त्र प्राप्तिका लागि भएका पटक पटकका राजनीतीक आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै, राजनीतिक आन्दोलनका क्रममा बेपत्ता, घाइते र अपाङ्ग भएका नागरिकहरु प्रति उच्च सम्मान र सहानुभुती प्रकट गर्दछु।आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकारको सोच, अन्तराष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता, सोहौं योजना, दिगो बिकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४, रुन्टीगढी सरकारको नीति तथा कार्यक्रम, आर्थिक ऐन २०८२ को सिद्धान्त र प्राथमिकता, गाउँ सभाका सदस्यबाट प्राप्त सुझाबलाई मार्गदर्शनको रुपमा लिएको छु।बस्ती स्तर, आमनागरिक, राजनीतिक दल, विद्धतबर्ग, नागरिक समाज, निजी क्षेत्र, लगायत पिछडिएका एबम् सिमान्तकृत बर्ग सहित सरोकारवालाबाट प्राप्त सुझाबलाई समेत आधार लिएको छु। यि आधारहरुमा  केन्द्रित रहेर तयार गरिएको आर्थिक बर्ष २०८२/८३ को  बजेट प्रस्तुत गर्न गईरहेको छु।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम मार्फत रुन्टीगढी गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउने उदेश्यका साथ यस गाउँसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई मुख्य मार्गदर्शनका रुपमा लिई यो बजेट तयार गरेको छु। रुन्टीगढी गाउँपालिकको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक एंव उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आ.व. २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभूति भएको छ।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को कुल आय तथा व्ययको अनुमान पेश गर्ने अनुमति माग्दछु।आगामी आर्थिक वर्ष २०८२/८३ का लागि संघीय वित्तीय समानीकरण अनुदान शीर्षकमा  रु १० करोड  ५१ लाख, संघीय राजस्व बाँडफाड शीर्षकमा रु ११ करोड ९७ लाख ६४ हजार ८ सय ४८, संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान शीर्षकमा रु २६ करोड ३१ लाख, संघीय विशेष अनुदान शीर्षकमा रु १ करोड ९५ लाख, संघीय समपुरक

अनुदान शीर्षकमा रु ५६ लाख, संघीय मालपोत शीर्षकमा रु ८ लाखको कुल योग संघीय सरकारबाट प्राप्त हुने कुल अनुदान रु ५१ करोड ३० लाख ६४ हजार ८ सय ४८ रुपैया अनुमान गरेको छु ।

यसैगरी, आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारबाट प्राप्त हुने अनुदान पेश गर्दछु । जस अन्तर्गत प्रदेश वित्तीय सामानीकरण अनुदान शीर्षकमा रु ६९ लाख ९३ हजार, प्रदेश राजस्व बाँडफाड तर्फ सवारी साधन कर शीर्षकमा रु १ करोड ८ लाख ३८ हजार , प्रदेश सशर्त तर्फ रु ९२ लाख , प्रदेश समपुरक अनुदान तर्फ रु ७५ लाख, प्रदेश सरकार बिशेष अनुदान रु २० लाख अनुमान गरेको छु, यसरी प्रदेश सरकारबाट प्राप्त हुने कुल अनुदान रु ३ करोड ६५ लाख ३१ हजार अनुमान गरेको छु।

आन्तरिक आय तर्फ आन्तरिक राजस्व रु १ करोड १० लाख ५० हजार र संचित कोष तर्फ फिर्ता हुने १ करोड अनुमान गरेको छु। यसरी आन्तरिक आय तर्फ कुल जम्मा २ करोड १० लाख ५० हजार अनुमान गरेको छु। वित्तिय हस्तान्तरण तर्फ सामाजिक सुरक्षा कार्यक्रममा रु ९ करोड १० लाख , प्रदेश/स्थानीय क्षमता विकास तर्फ ४ लाख, र दातृ निकाय तथा संघसंस्थाहरुबाट रु ९ लाख ५४ हजार १ सय ५२ रुपैयाँ अनुमान गरेको छु। यस शीर्षक अन्तर्गत जम्मा रु ९ करोड २३ लाख ५४ हजार १ सय ५२ रुपैयाँ अनुमान गरेको छु। यसरी आय तर्फ कुल जम्मा ६६ करोड ३० लाख अनुमान गरेको छु।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

यसरी प्राप्त हुने आयलाई पुँजीगत र चालु शीर्षकमा कुल खर्च हुनेगरी निम्नानुसार कुल व्यय अनुमान गरेको छु । गाउँपालिका प्रशासनिक तथा चालु खर्च तथा कार्यक्रम तर्फ रु. ११ करोड ६७ लाख ६० हजार ८ सय ४८, वडा कार्यालयको चालु तर्फ रु. १ करोड १५ लाख ५ हजार, विषयगत शाखा चालु तर्फ रु. ४ करोड ६५ लाख ५० हजार, संघीय सशर्त अनुदान चालु २४ करोड ५५ लाख, सामाजिक सुरक्षा तर्फ रु. ९ करोड १० लाख, प्रदेश/स्थानीय क्षमता विकास तर्फ रु. ४ लाख, र विभिन्न संघसस्था कार्यक्रम तर्फ रु. ९ लाख ५४ हजार १ सय ५२ रुपैयाको कुल योग चालु तर्फ रु. **५१ करोड ३६ लाख ७० हजार रुपैयाँ** व्यय अनुमान गरेको छु ।

गाउँपालिका तर्फ पुँजीगत रु. २ करोड ८९ लाख, वडा कार्यालय पुँजीगत रु. ३ करोड ६१ लाख ३० हजार, संघीय सशर्त पुँजीगत अनुदान रु. १ करोड ६६ लाख, संघीय समपूरक अनुदान तर्फ रु. ८० लाख, संघीय विशेष अनुदान तर्फ रु. १ करोड ९५ लाख, प्रदेश सशर्त अनुदान रु. ९२ लाख, प्रदेश समपूरक अनुदानमा रु. १ करोड ५० लाख र समपूरक कोषमा रु. १ करोड ३० लाख कुल पुँजीगत व्यय रु. १४ करोड ९३ लाख ३० हजार रुपैयाँ व्यय अनुमान गरेको छु ।यसरी चालु र पुँजीगत गरी कुल व्यय तर्फ रु. ६६ करोड ३० लाख व्यय अनुमान गरेको छु ।

यसरी विनियोजन भएको चालु तथा पुँजिगत खर्चतर्फ विनियोजित बजेटलाई खर्च प्रतिशतमा विश्लेषण गर्दा चालु तर्फ कुल ७७ दशमलव ४८ प्रतिशत र पुँजीगत तर्फ २२ दशमलव ५२ प्रतिशत रकम विनियोजन भएको छ ।

आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु

माथि उल्लेखित कुल व्यय अनुमानलाई तल थप विस्तृतरुपमा पेश गरेको छु ।अब, संघीय सरकारबाट हस्तान्तरित सशर्त, समपुरक र विशेष शीर्षकमा भएको विनियोजित बजेट पेश गर्न अनुमति माग्दछु।

- सिप विकास, समुह प्रविधि हस्तान्तरण तथा साना उद्योग संचालन मार्फत रोजगारी र आयमा बृद्धि गर्न लघु उद्यम विकास कार्यक्रम तर्फ रु. १४ लाख विनियोजन गरेको छु ।
- कृषी पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम, महामारी रोग नियन्त्रण, किसान सुचीकरण कार्यक्रम, मकै प्रबर्द्दन कार्यक्रम, कृषि बजार निर्माण लगायतका कार्यक्रमहरु गर्न एकमुष्ट रु. ६८ लाख विनियोजन गरेको छु ।
- पञ्जीकरण तथा व्यक्तिगत घटनादर्ता कार्यक्रमलाई व्यवस्थित गर्न, वडा स्तरमा सामाजिक सुरक्षा वितरणको अवस्थालाई सहज बनाउन बिभिन्न शीर्षकमा खर्च हुने गरी एकमुष्ट रु.१५ लाख विनियोजन गरेको छु ।
- आधारभूत तहको शिक्षक पारिश्रमिक, माध्यमिक, तहको शिक्षको पारिश्रमिक, बालबिकास सहजकर्ता पारीश्रमिक, निशुल्क पाठ्यक्रम अनुदान, दिवाखाजा कार्यक्रम, शैक्षिक पूर्वाधार गुणस्तर तथा सुदृढिकरण , शैक्षिक पहुँच कार्यक्रम, बिद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, दिवा खाजा, स्वयमसेवक शिक्षक व्यवस्थापन अनुदान लगायतका अनुदान तथा कार्यक्रममा शिक्षा शाखा मार्फत खर्च हुनेगरी एकमुष्ट रु. १९ करोड ८१ लाख विनियोजन गरेको छु ।
- रुन्टीगढीलाई स्वच्छ सुन्दर र हरियालीयुक्त बनाउन सरोकारबालासंग समन्वय गरी वृक्षारोपण गर्न समृद्धिका लागि वन परियोजना कार्यक्रममा एकमुष्ट रु. ३० लाख विनियोजन गरेको छु।
- वित्तीय साक्षरता, मनोसामाजिक परामर्श संचालन तथा व्यवस्थापन, वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखिकरण लगायतका रोजगार प्रवर्द्धन कार्यक्रममा लागि एकमुष्ट रु. ८ लाख विनियोजन गरेको छु ।
- आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम, क्षयरोग नियन्त्रण शीर्षकमा खर्च हुने गरी रु. २ करोड ९६ लाख विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयमसेविका पोशाक प्रोत्साहन यातायात खर्च तथा क्षमता बिकासका लागि आवश्यक रकम विनियोजन गरेको छु।
- बिपन्न नागरिकलाइ स्थानीय स्तरमा तथा नजिकका स्वास्थ्य संस्थामा उपचार हुन नसकी रिफर भएमा त्यस्ता व्यक्तिलाई अबस्था हेरी आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था गरेको छु ।
- यस क्षेत्रको समग्र स्वास्थ्य अबस्थालाइ मध्यनजर गरी विभिन्न रोग सँग सम्बन्धित बिशेषज्ञ सेवा उपलब्ध गराउन स्वास्थ्य शिविर संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्य सुचना व्यवस्थापन गर्न अनलाईनमा आधारित सुचना प्रणाली व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- आधारभुत स्वास्थ्यलाई मध्यनजर गरी खोप तथा गाउँघर क्लिनिक व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेको छु ।
- आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला, निशुल्क गर्भपतन, पोषण कर्यक्रम, सिबिआईएमएनसीआई र समता पहुँच कार्यक्रम लगायतका परिवार कल्याण कार्यक्रममा एकमुष्ट रु. ६४ लाख विनियोजन गरेको छु ।
- औषधि तथा स्वास्थ्य सामग्री खरिद व्यवस्थापन तथा स्वास्थ्य चौकी न्युनतम सेवा मापदण्ड सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- वैदेशिक रोजगारको बढ्दो निर्भरतालाई कम गर्न स्वदेशमा रोजगारलाई अभिवृद्धि गर्न राष्ट्रिय रोजगार कार्यक्रममा एकमुष्ट रु. ३५ लाख विनियोजन गरेको छु ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च बापत मासिक रु. ५ हजार दरले उपलब्ध गराईने रकममा रु. ८ लाख ४० हजार विनियोजन गरेको छु।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

संघिय सरकारबाट हस्तान्तरित पुँजीगत अनुदान अन्तर्गत पूर्वाधारका योजनाहरुमा खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

- शिक्षाको गुणस्तरमा अभिवृद्धिको लागि बिद्यालयको भौतिक पूर्वाधार ब्यबस्थित गर्न संघिय सरकारको र स्थानीय सरकारको साझेदारीमा बिद्यालय भवन निर्माण गर्न एकमुष्ट रु. १ करोड २० लाख विनियोजन गरेको छु ।
- कृषिबाट उप्पादित वस्तुहरुको वजार व्यवस्थापनको लागि एकमुष्ट रु. ४० लाख विनियोजन गरेको छु।
- झोलुङ्गे पुल क्षेत्रगत बिकास कार्यक्रम अन्तर्गत ढोरवाङ स्याउलीवाङ झो.पु, कोलडाँडा चौर, गनारी सातम, आरुचौर ट्रसपुल, पेडीडाँडा झो.पु,का लागि एकमुष्ट रु. ६ लाख विनियोजन गरेको छु।
- विशेष अनुदान तर्फ **छरछरे अपुते लिफ्टिङ खानेपानी आयोजना** वडा नं ८ योजनामा रु. १ करोड ५ लाख र रुन्टीगढी गाउपालिकामा खरको छाना विस्थापनको गर्नको लागि सुरक्षित नागरिक आवास कार्यक्रममा रु. ९० लाख विनियोजन गरेको छु ।
- वाईजा लिफ्टीङ सिचाई आयोजना शीर्षकमा संघीय सरकार र स्थानीय सरकारको साझेदारीमा खर्च हुने गरी रु. ८० लाख विनियोजन गरेको छु ।

प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत पूर्वाधारका योजनाहरुमा खर्च गर्ने गरी रु. ९२ लाख बजेट विनियोजन गरेको छु ।

- हेमन्त आ.वि फिल्ड निर्माण , रुन्टीगढी ३ रोल्पामा रु. १० लाख
- फेरीडेरा सिंचाई कुलो निमार्ण योजना ,रुन्टीगढी ३ रोल्पामा रु. १० लाख
- छापखोला चुलिफेजे स्याउलिवाङ सिचाई कुलो निर्माण, रुन्टीगढी ८ रोल्पामा रु. १० लाख

- पोखराधारा खर्से मोटरबाटो स्तरोन्नती रुन्टीगढी ९ रोल्पामा रु. ६ लाख
- नारेखोला लिफ्ट खानेपानी रुन्टीगढी -१ रोल्पामा रु. ७ लाख
- रुनखोला बर्म टाकुरा सिचाई टयाङ्की निर्माण रुन्टीगढी ६ रोल्पा मा रु. १० लाख
- तेलबाङ सिचाई कुलो रून्टीगढी-१ रोल्पामा रु. ८ लाख
- गैरेखोला सालिवाङ सिचाई कुलो निर्माण, रुन्टीगढी ७ रोल्पामा रु. १५ लाख
- गासिम लिफ्ट खानेपानी रुन्टीगढी ७ रोल्पामा रु. ६ लाख
- बगरखोला तटबन्ध , रुन्टीगढी रोल्पामा रु. १० लाख

प्रदेश सरकारबाट हस्तान्तरित बिशेष अनुदान अन्तर्गत पूर्वाधारका योजनाहरुमा खर्च गर्ने गरी नारेखोला लिफ्ट खानेपानी योजनामा रु. २० लाख बजेट विनियोजन गरेको छु ।

प्रदेश सरकारसंग साझेदारीमा रणनैतिक, दिगो र रुन्टीगढी गौरवका आयोजना संचालन गर्नेगरी समपुरकमा सुर्पाल देखि ३ नं वडा कार्यालय जाने बाटो सुधार तथा संरचना निर्माणमा रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु,**

संघीय वित्तीय समानीकरण अनुदान, संघीय राजस्व बाँडफाड, प्रदेश वित्तिय समानीकरण अनुदानबाट वडागत बजेट तपसिल बमोजिम विनियोजन गरेको छु ।

| क्र.स. | वडा | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं १ | ५६ लाख ७० हजार | |
| २ | वडा नं २ | ४४ लाख १० हजार | |
| ३ | वडा नं ३ | ४७ लाख २५ हजार | |
| ४ | वडा नं ४ | ४४ लाख १० हजार | |
| ५ | वडा नं ५ | ६३ लाख | |
| ६ | वडा नं ६ | ६६ लाख ८५ हजार | |
| ७ | वडा नं ७ | ४७ लाख २५ हजार | |
| ८ | वडा नं ८ | ५० लाख ४० हजार | |
| ९ | वडा नं ९ | ५६ लाख ७० हजार | |
| कुल | | ४ करोड ७६ लाख ३५ हजार | |

संघीय वित्तीय समानीकरण अनुदान, संघीय राजस्व बाँडफाँड, प्रदेश वित्तिय समानीकरण अनुदानवाट विषयगत शाखा बजेट तपसिल बमोजिम विनियोजन गरेको छु ।

| क्र.स. | विषयगत शाखा | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | शिक्षा तथा खेलकुद शाखा | २ करोड ७० लाख | |
| २. | स्वास्थ्य शाखा | ५० लाख | |
| ३. | कृषी शाखा | ७० लाख | |
| ४. | पशु शाखा | ३० लाख ५० हजार | |
| ५. | महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा | १० लाख | |
| ६. | सरसफाई शाखा | १० लाख | |
| ७. | पर्यटन शाखा | १० लाख | |
| ८. | सामाजिक सुरक्षा तथा पन्जिकरण | १० लाख | |
| ९. | न्यायिक समिति | ५ लाख | |
| १०. | सुचना प्रविधि शाखा | १० लाख | |
| कुल | | ४ करोड ७५ लाख ५० हजार | |

अन्य शीर्षकगत विनियोजित बजेटको सारांश विवरण तपशिल बमोजिम विनियोजन गरेको छु

- कर्मचारीको तलव भत्ता, पोशाक, भ्रमण भत्ता, पानी बिजुली , सूचना प्रकाशन लागायत तथा आन्तरीक कार्यालय र वडाहरुको प्रशासनिक व्यवस्थापनका लागि चालु खर्च मा एकमुष्ट रु. ८ करोड ४० लाख रुपैंया विनियोजन गरेको छु ।
- यसै गरी चालु शीर्षकमै विभिन्न क्षमता विकास, गुरु योजना, डि.पी.आर निर्माण, पर्यटन, सरसफाई र समपुरक कोष शीर्षकमा आवश्यक रकम विनियोजन गरेको छु ।
- रुन्टीगढी गाउँपालिमा आधारभुत आँखा उपचार केन्द्रको निरन्तरता र आधारभुत दन्त उपचार केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

हामीले नीति तथा कार्यक्रममा विभिन्न रणनैतिक योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि पेश गरका छौं ।

- गाउँपालिका अन्तर्गत विषयगत शाखा संचालन हुने नमुना पकेटक्षेत्र कार्यक्रम, कृषकका लागि प्रविधि हस्तान्तरण कार्यक्रम, संचालनका लागि कृषि र पशुविकास शाखा अन्तर्गतबाट बजेट विनियोजन गरेको छु ।
- यसैगरी रुन्टीगढी गौरवका आयोजनाहरु लगायत ठुला पूर्वाधारका योजनाहरुका लागि प्रदेश तथा संघीय समपुरक कार्यक्रमबाट रकम विनियोजन गरेको छु ।

- भिन्न क्षमता समान अवसर, महिलाका लागि सहारा, मर्यादा सामग्री वितरण लगायतका कार्यक्रमहरुमा महिला, वालवालिका शाखा मार्फत वजेट विनियोजन गरेको छु
- **आदरणीय सभाअध्यक्ष एंव सभासदस्य ज्युहरु**

  गाउँपालिका अन्तर्गत पूर्वाधार योजनाहरुमा खर्च गर्ने गरी एकमुष्ट २ करोड ८९ लाख बजेट विनियोजन गरेको छु ।

अन्तमा, यो नीति कार्यक्रम तथा बजेट तयारीमा अहोरात्र खट्नुहुने सबै जनप्रतिनिधिहरु, कर्मचारी मित्रहरु प्रत्यक्ष वा परोक्ष सहयोग गर्नुहुने राजनीतिक दलका प्रमुख, संचारकर्मी मित्रहरु, स्थानीय नागरिक समाज, निजी क्षेत्र तथा बुद्धिजीवी बर्ग,पूर्व जनप्रतिनिधिज्यूहरु , सुरक्षाकर्मी लागायत सबै तह र निकायका व्यक्तित्वहरुलाई धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

**धन्यवाद, जय रुन्टीगढी**

सरीता के.सी.

संयोजक बजेट तथा कार्यक्रम तर्जुमा समिति